नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- ३९३

मितिः-२०८०/१०/२१
ने.स ११४४ पोहेलागा ९

विषयः- स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा सार्वजनिक गर्ने सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तह (LISA को नतिजा सार्वजनिक गर्न बाँकी सबै)।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका कानूनले स्थानीय तहको कार्य जिम्मेवारी तोकेका विषय, कार्यविधि र उपलब्धीका बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको विश्लेषण गर्ने प्रयोजनका लागि स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ कार्यान्वयन रहेको छ। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ (पहिलो संशोधन) मा स्वमूल्याङ्कनको नतिजा कार्यपालिकाबाट स्वीकृत गरी आ-आफ्नो Website र सूचनापाटी मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ। हालसम्म ६७० स्थानीय तहबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सार्वजनिक भैसकेको र ८३ स्थानीय तहले नतिजा सार्वजनिक गर्न बाँकी रहेको देखिएको छ। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सार्वजनिक गर्ने प्रणाली मिति २०८०/१०/२९ गते रातको १२.०० बजे पश्चात बन्द हुने भएकोले नतिजा सार्वजनिक गर्न बाँकी स्थानीय तहले सो समयभित्र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा सार्वजनिक गरी सुशासन कायम गर्ने कार्यलाई प्राथमिकता दिनुहुन मिति २०८०/१०/२१ (सचिवस्तर)को निर्णयानुसार अनुरोध छ।

२०८०/१०/२१

(चिरञ्जीवी नेपाल)
शाखा अधिकृत

**बोधार्थः-**

श्री जिल्ला समन्वय अधिकारीज्यू,
जिल्ला समन्वय समिति (सबै): आवश्यक समन्वय र सहजीकरण हुन।
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः आवश्यक समन्वय र सहजीकरण हुन।
श्री सूचना तथा प्रविधि शाखाः पत्र Website मा अपलोड गरिदिनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईटः- www.mofaga.gov.np